वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क पुस्तिका आ.व. २०७९/०८०

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

प्रकाशक

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कोशी प्रदेश, विराटनगर, नेपाल

वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क पुस्तिका
आ.व. २०७९/०८०

प्रकाशक

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कोशी प्रदेश, विराटनगर, नेपाल

आफ्नो भनाई

कोशी प्रदेशको कृषि विकास निर्देशनालय र निर्देशनालय अन्तर्गतका कार्यालयहरुले यस प्रदेशको कृषि विकासका समस्या, चुनौति र अवसरहरुका बीच कृषि विकास रणनीति, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनाले परिलक्षित गरे अनुरुपका प्रतिफल प्राप्त गर्न प्रदेशस्तरमा आ.व. ०७५/७६ देखि कृषि विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।यसै क्रममा आ.व. ०७९/८० मा पनि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका थिए।

यस वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क पुस्तिकामा कृषि विकास निर्देशनालय र अन्तर्गतका कार्यालयहरुले आ.व.०७९/८० मा सम्पन्न गरेका विभिन्न कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु, ती कार्यक्रमहरुका प्रगति तथा उपलब्धिसहित कृषिसँग सम्बन्धित आवश्यक विवरण समावेश गर्ने प्रयास गरिएको छ । यस पुस्तिकालाई यो रुपमा ल्याउन विभिन्न तथ्याङ्क, सल्लाह, सुझाव उपलब्ध गराई सहयोग पुर्‍याउनु हुने कृषक, कृषक समूह/सहकारी, सरकारी कार्यालय तथा गैरसरकारी संघ-संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो पुस्तिका तयारीका लागि प्रगति विवरण लगायत आवश्यक सम्पूर्ण विवरण तयार गर्नुहुने कृषि अर्थ विज्ञ श्री नेत्रमणी काफ्ले (अधिकृत सातौं) र श्री काजीमान प्रधान (अधिकृत छैटौं) लाई विशेष धन्यवाद दिन चाहन्छु । पुस्तिका प्रकाशनमा महत्वपूर्ण योगदान दिनुहुने यस निर्देशनालयका सम्पूर्ण शाखा प्रमुखहरु, कृषि ज्ञान केन्द्र, तालिम केन्द्र, प्रयोगशालाका प्रमुखहरु र सम्बन्धित कार्यालयका सहयोगी कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहन्छु।त्यसै गरी विभिन्न तथ्याङ्कको आधार स्तम्भको रुपमा रहेका कोशी प्रदेशका स्थानीय तह र अन्तर्गतका कृषि विकास शाखाका प्राविधिक कर्मचारीहरु र संघीय सरकार अन्तर्गतका कार्यालयहरुलाई समेत विभिन्न तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुभएकोमा धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण पाठकवृन्दबाट पुस्तिकामा सुधार गर्नुपर्ने पक्षहरु औंल्याई आवश्यक सुझावसमेत प्राप्त हुनेछ भन्ने अपेक्षा राख्दछु ।

प्रकाशकुमार डाँगी
नि. प्रमुख, कृषि विकास निर्देशनालय
कोशी प्रदेश, विराटनगर

मितिः २०८०।०६।२५

विषय- सूची

भाग १ः परिचय

१.	कोशी प्रदेशको परिचय	१
२.	कोशी प्रदेशको कृषि क्षेत्रः संक्षिप्त परिचय	२
३.	प्रदेश सरकारको प्रथम आवधिक योजनामा कृषि क्षेत्र	३
४.	कृषि विकास निर्देशनालयको परिचय	६
४.१.	ऐतिहासिक पृष्ठभूमि	६
४.२.	कृषि विकास निर्देशनालयको कार्यविवरण	७
४.३.	निर्देशनालय अन्तर्गतका कार्यालयहरु	८
४.४.	मुख्य मुख्य कार्यक्रमहरु	११
४.५.	कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको संगठन संरचना	१३
४.६.	जनशक्ति विवरण	१५

भाग २ : वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट विवरण

१.	वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	२१
१.१.	कृषि विकास निर्देशनालय	२१
१.२	कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको प्रदेश सरकार तर्फको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०	२१
१.३.	कृषि ज्ञान केन्द्र, ताप्लेजुङ्गको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	२६
१.४.	कृषि ज्ञान केन्द्र, पाँचथरको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	३१
१.५.	कृषि ज्ञान केन्द्र, इलामको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	३६
१.६.	कृषि ज्ञान केन्द्र, झापाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	४१
१.७.	कृषि ज्ञान केन्द्र, मोरङको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	४६
१.८.	कृषि ज्ञान केन्द्र, सुनसरीको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	५१
१.९.	कृषि ज्ञान केन्द्र, धनकुटाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	५५
१.१०.	कृषि ज्ञान केन्द्र, तेह्रथुमको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	६०
१.११.	कृषि ज्ञान केन्द्र, भोजपुरको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	६५
१.१२.	कृषि ज्ञान केन्द्र, संखुवासभाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	६९

१.१३.	कृषि ज्ञान केन्द्र, सोलुखुम्वुको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	७४
१.१४.	कृषि ज्ञान केन्द्र, ओखलढुंगाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	७९
१.१५.	कृषि ज्ञान केन्द्र, खोटाङको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	८३
१.१६.	कृषि ज्ञान केन्द्र, उदयपुरको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	८८
१.१७.	कृषि व्यावसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्का, सुनसरीको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	९२
१.१८.	बीउविजन प्रयोगशाला, झुम्का, सुनसरीको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	९५
१.१९.	बाली संरक्षण प्रयोगशाला, झुम्का, सुनसरीको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	९८
१.२०.	माटो तथा मल परीक्षण प्रयोगशाला, झुम्का, सुनसरीको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१०१
२.	कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको संघीय सरकार तर्फको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१०४
२.१.	कृषि विकास निर्देशनालयको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१०४
२.२.	कृषि ज्ञान केन्द्र, ताप्लेजुङ्गको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१०६
२.३.	कृषि ज्ञान केन्द्र, पाँचथरको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१०६
२.४.	कृषि ज्ञान केन्द्र, इलामको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१०७
२.५.	कृषि ज्ञान केन्द्र, झापाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१०७
२.६.	कृषि ज्ञान केन्द्र, मोरङको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१०९
२.७.	कृषि ज्ञान केन्द्र, सुनसरीको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	११०
२.८.	कृषि ज्ञान केन्द्र, तेह्रथुमको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१११
२.९.	कृषि ज्ञान केन्द्र, भोजपुरको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	१११
२.१०.	कृषि ज्ञान केन्द्र, संखुवासभाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	११२
२.११.	कृषि ज्ञान केन्द्र, सोलुखुम्वुको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	११२
२.१२.	कृषि ज्ञान केन्द्र, ओखलढुंगाको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	११२
२.१३.	कृषि ज्ञान केन्द्र, खोटाङको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	११२
२.१४.	कृषि ज्ञान केन्द्र, उदयपुरको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	११३
२.१५.	बीउविजन प्रयोगशाला, झुम्का, सुनसरीको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	११४
२.१६.	माटो तथा मल परीक्षण प्रयोगशाला, झुम्का, सुनसरीको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१	११५
३.	वार्षिक भारित तथा वित्तीय प्रगति अवस्था (आ.व. ८०७९/८०)	११७
४.	मुख्य मुख्य क्रियाकलापहरुको लक्ष्य तथा प्रगति	१२१
४.१	कृषि विकास निर्देशनालयको क्रियाकलापहरुको लक्ष्य तथा प्रगति आ.व. २०७९/८०	१२१
४.२.	कृषि ज्ञान केन्द्रहरुको क्रियाकलापहरुको लक्ष्य तथा प्रगति आ.व. २०७९/८०	१२२

४.३.	कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र, र प्रयोगशालाहरुको कार्यक्रम प्रगति विवरण आ.व. २०७९/८०	१२९
५.	आ.व. २०७९/८० का मुख्य मुख्य उपलब्धीहरु	१३२
६.	प्रगति नपुगका कारणहरु आ.व २०७९/८०	१३८
७.	बेरुजुको विवरण	१३९
८.	संकलित गैर कर राजश्वको विवरण (रु.हजारमा)	१४२
९.	लाभान्वित कृषक विवरण तथा सहभागिता	१४४
१०	कृषि विकास निर्देशनालय र अन्तर्गतका निकायहरुका प्रमुख र सूचना अधिकारीहरुको विवरण	१४६
११.	प्रदेश वार्षिक खाद्यान्न वासलात	१४८
१२	निर्देशनालय र मातहतका कार्यालयहरुको अनुदानको विवरण	१४९

भाग ३ अनुसूची : तथ्याङ्क

१.	कोशी प्रदेशको संक्षिप्त कृषि तथ्याङ्क	१५०
२.	प्रमुख बालीहरुको तुलनात्मक क्षेत्रफल तथा उत्पादनको स्थिति	१५२
३.	कोशी प्रदेशअन्तर्गत रहेका प्रमुख श्रोत केन्द्रहरु	१८८
३.१	मौरी पालन श्रोत केन्द्रहरुको विवरण	१८९
३.२	च्याउ खेती श्रोत केन्द्रहरुको विवरण	१८९
३.३.	खाद्यान्न वीउ, तरकारी बेर्ना, फलफूल बेर्ना, तथा अन्य कृषिजन्य वस्तुको श्रोत केन्द्रहरुको विवरण	१८९
३.४.	अनुदानग्राहीहरुको विवरण आ.व. २०७७/७८	१९३
४.	अनुदानग्राहीहरुको विवरण आ.व. २०७८/७९	१९६
५.	अनुदानग्राहीहरुको विवरण आ.व. २०७९/८०	१९९
६.	कृषि जन्य बस्तु आयात निर्यातको विवरण आ.व. २०७९/८० कोशी प्रदेशको नाकाबाट आयात हुने कृषिजन्य बस्तुको विवरण	२००
७.	क्वारेन्टिन कार्यालय, विराटनगरवाट आयात भएको	२०१
८.	कोशी प्रदेशको नाकावाट निर्यात हुने कृषिजन्य बस्तुको विवरण आ.व. २०७९/८० क्वारेन्टिन कार्यालय, काँकडभिट्टा, झापावाट निर्यात भएको	२०२
९.	क्वारेन्टिन कार्यालय, विराटनगरवाट निर्यात भएको	२०३
१०.	स्थानीय तहको विवरण	२०३

भाग १: परिचय

यस भागमा कोशी प्रदेशको परिचय, सामान्य विवरण तथा कृषि क्षेत्रका विषयमा समेटिएका विभिन्न कुराहरुको चर्चा गरिएको छ । यस खण्डमा कृषि विकास निर्देशनालयको ऐतिहासिक विवरण, यसका कार्य विवरण, यस अन्तर्गतका कार्यालयहरुको जानकारी तथा जनशक्ति विवरणहरुको बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

१. कोशी प्रदेशको परिचय

क. भौगोलिक अवस्थिति र राजनीतिक विभाजन

हिमाल, पहाड र तराई तिनै प्रकारको भौगोलिक धरातल समेटिएको यो प्रदेशमा विश्वका ६ वटा अग्ला हिमशिखर मध्ये संसारकै अग्लो हिमाल सगरमाथा (८८४८ मी.) लगायत कञ्चनजंघा, ल्होत्से, मकालु र चोयु पर्दछन।यस प्रदेशको कूल क्षेत्रफल २५,९०५ वर्ग कि.मी. रहेको छ।नेपालको कुल क्षेत्रफलको १७.६ प्रतिशत भू-भाग यो प्रदेशमा रहेको छ। प्रदेशको कुल क्षेत्रफलको १८.२१ प्रतिशत तराई, ४१.५ प्रतिशत मध्यपहाड र ४०.२९ उच्च पहाडी क्षेत्रमा पर्दछ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको कोशी प्रदेश पूर्वी नेपालका १४ जिल्लाहरुलाई समेटेर बनाइएको छ । यस प्रदेशमा १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिका गरी १३७ स्थानीय तह छन् ।

ख. ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्ष

किराँत धर्मगुरु फाल्गुनन्द, सिरिजङ्गा, बालागुरु षडानन्द, सामाजिक अभियन्ता योगमाया, स्वामी प्रपन्नाचार्य लगायतका विद्वान विदुषीहरु जन्मेको यो क्षेत्र ऐतिहासिक, साँस्कृतिक तथा पौराणिक दृष्टिकोणले महत्वपूर्ण छ । किराँत राजादेखी महाभारतकालिन विराट राजा सम्मको राज्य रहेको यो प्रदेशमा धार्मिक शक्तिपीठहरु तथा पौराणिक महत्वका स्थलहरु पाथीभरा, हलेसी महादेव, वराहक्षेत्र, दन्तकाली, सिद्धकाली, विष्णुपादुका, किच्चक वध, अर्जुनधारा, पिण्डेश्वरी धाम, वौद्ध धर्मावलम्वीको प्रसिद्ध स्थल सांग्रीला वा स्वर्ग भनि उल्लेख गरिएको ठाउँ खेम्पालुङ्ग तथा तेङवोचे गुम्वा तथा किराँतकालिन ईतिहास र संस्कृती सँग जोडिएका धेरै स्थल पर्दछन ।

ग. जनसंख्या

राष्टिय जनगणना २०७८ प्रारम्भिक नतिजा अनुसार यस प्रदेशको जनसंख्या ४९,७२,०२१ रहेको छ । जुन मुलुकको कुल जनसंख्याको १७.०३ प्रतिशत हो । यस प्रदेशको जनसंख्याको वार्षिक औषत वृद्धिदर ०.८८ प्रतिशत, जनघनत्व १७६ बाट १९२ पुगेकोछ। औषत परिवार सदस्य संख्या ४.५७ बाट घटेर ४.१३ छ भने २०६८ देखि २०७८ को अवधिमा ५ वटा जिल्लाको औषत वार्षिक जनसंख्या वृद्धिदर धनात्मक रहेको छ ।सो अवधिमा सवैभन्दा बढि सुनसरीमा १.९४ प्रतिशत छ भने संखुवासभामा ०.०२ प्रतिशतले जनसंख्या वृद्धि देखिएको छ । अन्य बाँकी ९ जिल्लाको औषत वार्षिक जनसंख्या वृद्धिदर नकारात्मक रहेको छ । यस अवधिमा नकारात्मक जनसंख्या वृद्धि खोटाङ्गमा १.५६ प्रतिशत र कममा सोलुखुम्वुमा ०.१० प्रतिशतले घटेको अध्ययनले देखाएको छ ।

घ. भू-वनोट र उपयोग

भू-स्रोत व्यवस्थापनका हिसावले खेतीका लागि बढी उपयुक्त जमिन तराई र भित्री मधेशमा १७ प्रतिशत मात्र छ । पहाडमा भिरालो र गरा वनाएर मात्र खेती हुने जमिन २४ प्रतिशत, घाँसपातका निम्ति २४ प्रतिशत र वन्यजन्तु संरक्षण र पर्यटनका निम्ति १५ प्रतिशत उपयुक्त छ । झन्डै २० प्रतिशत जमिन अति भिरालो वा चट्टान वा हिउले ढाकेको छ ।

ङ. वन तथा निकुञ्ज

प्रदेशको कुल ४३ प्रतिशत भाग वन जङ्गलले ढाकेको छ । तराईका ३ जिल्लामा १९ प्रतिशत भू-भाग वन जङ्गलले ढाकेको छ। यस प्रदेशमा सगरमाथा, मकालु, वरुण, कञ्चनजंघा र कोशी टप्पु गरी ४ वटा निकुञ्ज र आरक्षण क्षेत्रहरुले प्रदेशको १९ प्रतिशत भू-भाग ओगटेको छ ।

च. कृषि र सिंचाई

प्रदेशको कुल भू-भागको ३१.३८ प्रतिशत कृषि क्षेत्रमा पर्दछ ।३०.८७ प्रतिशत कृषि भूमिमा सिंचाई सुविधा पुगेको छ।जसको अधिकांश भू-भाग (८७ प्रतिशत) तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा पर्दछ। खाद्यान्न उत्पादनका दृष्टिले यो प्रदेश आत्मनिर्भर मात्र होईन अन्य प्रदेश र छिमेकमा समेत निर्यात गर्ने हैसियत राख्दछ। धान, मकै, कोदो, फापर, गँहु र जौ मा ७ लाख ५८ हजार मेट्रिक टन भन्दा वढी वचत हुन्छ। यो प्रदेशको उपभोगलाई चाहिने भन्दा ४४.१२ प्रतिशत वढी हो ।

२. कोशी प्रदेशको कृषि क्षेत्रः संक्षिप्त परिचय

प्रदेशको कुल भू-भागको ३१.३८ प्रतिशत रहेको कृषि क्षेत्र प्रदेश विकासकै मेरुदण्ड हो । कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि भू-उपयोग नीति अनुरुपको कृषि भूमिको उपयोग, प्राङ्गारिक खेतीको प्रवर्द्धन, उत्पादकत्व वृद्धिका लागि क्षमता विकास र प्रविधिको प्रवर्द्धन र उत्पादनको कृषक मैत्री भण्डारण र वजारीकरणमा जोड दिईएको खाद्य तथा पोषण सुरक्षा कृषि रणनीतिको अभिन्न अंगको रुपमा रहेको छ।

प्रदेशको तराई क्षेत्र कृषिजन्य र अन्य आयात प्रतिस्थापक र निकासीमूलक उद्योगको एथेष्ट सम्भावना बोकेको क्षेत्र हो ।यहाँ कृषि सम्बद्ध उद्योगको प्रवर्द्धनमा जोड दिएको छ । उद्योगमा स्वदेशी र बैदेशिक लगानी आकर्षित गर्ने प्रतिस्पर्धात्मक क्षमता, सिपमूलक र प्राविधिक दक्षता र उद्यमशिलता प्रवर्द्धन गर्ने रणनीति र कार्यनीतिहरु प्रस्ताव गरिएको छ । औद्योगिक क्षेत्र र कोरीडोरको विकासले औद्योगिक रोजगारीको विस्तार हुने अपेक्षा छ । प्रदेशमा उपलव्ध खनिज स्रोतको सम्भाव्यता सर्बेक्षण र विकासलाई उद्योग प्रवर्द्धनसँग जोडिनेछ ।

सम्भाव्यता

अलैंची खेती बिस्तार, उत्पादन तथा निर्यात सम्भाव्यता (ताप्लेजुङ ,इलाम, पाँचथर, संखुवासभा)

बेमौसमी तरकारी खेतीको सम्भाव्यता (धनकुटा ,इलाम, पाँचथर ,तेह्रथुम)

सुन्तला खेती बिस्तार/उत्पादन तथा निर्यातको सम्भाव्यता (धनकुटा, इलाम, पाँचथर)

सुपारी खेती बिस्तार/उत्पादन तथा निर्यातको सम्भाव्यता (झापा)

केरा खेती बिस्तार/उत्पादन तथा निर्यातको सम्भाव्यता (सुनसरी, मोरङ)

३. प्रदेश सरकारको प्रथम आवधिक योजनामा कृषि क्षेत्र

प्रदेशको आर्थिक विकास मेरुदण्डको रुपमा कृषि क्षेत्र रहेको छ। संविधानले भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन गर्ने, कृषिको व्यवसायिकरण, विविधीकरण र आधुनिकिकरण गर्ने, कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्वपूर्ण कृषि सम्बन्धी नीति निर्धारण गरेको छ। यसका लागि कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजार प्रवर्द्धनमा प्रदेश सरकारले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । धान, मकै, गहुँ, आलु, अलैंची, अदुवा, चिया आदि प्रदेशका मुख्य बालीनाली हुन् । तराईका झापा, मोरङ र सुनसरी जिल्ला तथा भित्री मधेसको उदयपुर जिल्ला धान, गहुँ, उखु, मकै, कोदो र जूट खेतीका लागि उर्वर भूमि हुन्। तराईमा आँप, लिची र केरा जस्ता फलफूल र पहाडी भेगमा मुख्य रूपमा सुन्तला, चिया, अलैंची, एभोकाडो, किवी, अदुवा आदि उत्पादन गरिन्छ । झापा र इलाम जिल्ला चिया उत्पादनका लागि मुलुककै अग्रणी क्षेत्र हुन् भने इलाम, पाँचथर, धनकुटा, भोजपुर, मोरङ र सोलुखुम्बु जिल्लामा प्रमुख रुपमा अर्थोडक्स चिया उत्पादन हुन्छ। चियाको राष्ट्रिय उत्पादनमा प्रदेशको योगदान ९९ प्रतिशत रहेको देखिन्छ। नेपालको प्रमुख कृषि उत्पादन हुने ५ जिल्ला मध्ये मोरङ, झापा र सुनसरी यसै प्रदेशमा पर्दछन्। झापा, मोरङ र सुनसरी नेपालका सर्वाधिक धान उत्पादन हुने जिल्ला हुन् भने धनकुटा, इलाम र झापा तरकारी उत्पादन गर्ने जिल्ला मध्ये प्रमुख हुन् । क्षेत्रगत सोच समुन्नत कृषि, सम्पन्न किसान : समृद्ध प्रदेश रहेको छ ।

लक्ष्य

कृषि क्षेत्रको ग्राहस्थ उत्पादन वृद्धि गर्ने ।

उद्देश्य

१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
२. तुलनात्मक लाभ भएका बाली उत्पादनको विकास एवम् विस्तार गर्नु ।
३. कृषि तथा पशुसेवा प्रसारको पहुँचमा वृद्धि गर्नु ।

रणनीति

१. भू-उपयोग नीति अनुरुप कृषि जमिनको संरक्षण र उपयोग गर्ने ।
२. निजीक्षेत्र, सहकारी तथा अन्तर सरकार समन्वय र सहकार्य गर्ने ।
३. प्राङ्गारिक खेती, आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका बाली उत्पादनमा वृद्धि गर्ने।
४. कृषक र कृषि सम्बद्ध निकायको क्षमता विकास एवम् प्रविधि हस्तान्तरण गर्ने ।
५. उत्पादित वस्तुको बजारीकरण गर्ने ।
६. कृषि एवम् पशुपंक्षी उद्योगको संरक्षण, विकास र विस्तार गर्ने ।

कार्यनीति

रणनीति १ः भू-उपयोग नीति अनुरुप कृषि जमिनको संरक्षण र उपयोग गर्ने।

क. कृषि विकासका लागि आवश्यक प्रादेशिक नीति नियमको तर्जुमा गरिनेछ।

ख. भूमि वैंक मार्फत जग्गा धनीलाई न्यूनतम उत्पादन मूल्य तोकी आधुनिक कृषिको विकासका लागि भूमिको उपलव्धता सुनिश्चित गरिनेछ।
ग. कृषि क्षेत्रमा ग्रामीण पूर्वाधार निर्माण गर्न लगानीलाई प्राथमिकताका साथ परिचालन गरिनेछ।
घ. सहकारी खेती एवम् जग्गाको चक्लाबन्दीलाई प्रोत्साहन गरिनेछ।

रणनीति २ : निजीक्षेत्र, सहकारी तथा अन्तर सरकार समन्वय र सहकार्य गर्ने ।

क. कृषि, क्षेत्रको विकास र व्यवसायीकरणमा निजी क्षेत्र, सहकारी तथा अन्तर सरकार समन्वय, सहयोग र सहकार्य गरिनेछ। कृषि विकासको लागि निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
ख. प्रतिस्पर्धी क्षमता भएका प्रमुख कृषिजन्य वस्तुको पहिचान गरी उत्पादन र उत्पादकत्व बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
ग. कृषि व्यावसायीकरण र बजार पहुँचमा सुधार गर्न सूचना प्रविधिको विकास, विस्तार र उपयोग गरिनेछ।
घ. कृषि जन्य कार्यक्रम सञ्चालनमा समावेशी सहभागिता सुनिश्चित गरिनेछ।
ङ. कृषि विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गरिनेछ।
च. निजी क्षेत्रसँगको सहकार्यमा कृषकलाई स्तरीय कृषि सेवा उपलब्ध गराइनेछ ।
छ. निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँगको सहकार्य कृषि यान्त्रिकिकरणलाई बढावा दिइनेछ ।
ज. उत्पादन, भण्डारण र बजारीकरणमा किसानको सामूहिक स्वामित्व प्रोत्साहन गरिनेछ।
झ. स्थान विशेषमा उत्पादन हुने खाद्यान्न, तरकारी तथा फलफूल लगायत कृषि उत्पादन अभिवृद्धिका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।

रणनीति ३ : प्राङ्गारिक खेती, आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका बाली उत्पादनमा वृद्धि गर्ने।

क. माटो र हावापानी एवम् भौगोलिक धरातलको सम्भाव्यताका आधारमा आधारभूत खाद्य वस्तु, उच्च मूल्य बालीको पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गरिनेछ।
ख. प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी प्राङ्गारिक उत्पादनको ब्राण्डिङ गरिनेछ।
ग. अपघटक (अर्गानिक डीकम्पोजर) र मोहनी-पासो (क्यूलियर) जस्ता प्रविधिको प्रयोग मार्फत रासायनिक मल र अस्वस्थकर प्रविधिमुक्त हरित कृषि अभियान सञ्चालन गरिनेछ।
घ. प्राङ्गारिक खेतीमा निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ।
ङ. कृषि विकास कार्यक्रमसँग समन्वय र आवद्ध हुने गरी सिंचाइ र कृषि सडकको विकास गरिनेछ ।
च. बहु-बाली, नगदे बाली, फलफूल र औषधिजन्य कृषि उत्पादन अभिवृद्धि सम्बन्धी कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।
छ. सिर्जनशील तथा कृषि क्षेत्रमा नवीनतम प्रणाली अवलम्बन गर्ने सफल किसानलाई प्रोत्साहन एवम् कदर गरिनेछ।
ज. सुलभ कृषि कर्जामा सहजीकरण गरी पहुँचको विस्तार गरिने छ।
झ. प्रदेशको प्राथमिकतायुक्त बालीमा सहज एवम् सहुलियतपूर्ण ऋण तथा अनुदान उपलव्ध गराइनेछ।

ञ. वैदेशिक रोजगारीबाट फर्किएका युवालाई कृषि, व्यवसायमा प्रोत्साहन गर्न सुलभ तथा सहुलियतपूर्ण ऋण तथा अनुदान, तालिम, प्रविधि, बजार पहुँच जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

रणनीति ४ : कृषक र कृषि सम्बद्ध निकायको क्षमता विकास एवम् प्रविधी हस्तान्तरण गर्ने।

क. कृषि जन्य संस्थाको संस्थागत विकास र सुदृढीकरण गरिनेछ।

ख. कृषि अनुसन्धान केन्द्रहरूको सहकार्यमा जडीबुटी खेती गर्ने, कृषकका लागि तालिम सञ्चालन गरिनेछ।

ग. जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न उपलब्ध प्रविधि तथा सेवा कृषकलाई उपलब्ध गराइनेछ।

घ. उत्पादकत्व वृद्धिका लागि कृषि अनुसन्धानबाट प्राप्त उपलब्धिलाई कृषक समक्ष पुराउने नविनतम प्रविधीको उपयोगमा कृषकको क्षमता अभिवृद्धि गरिनेछ।

ङ. निजी क्षेत्रसँगको सहकार्यमा कृषि यन्त्र तथा उपकरण, बिउ विजन र प्राङ्गारिक मल सुलभ दरमा उपलब्ध गराइनेछ।

च. कृषि उपजको स्वच्छता र गुणस्तर कायम राख्न ज्ञान तथा प्रविधी हस्तान्तरण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

छ. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा पर्ने असर न्यूनिकरण गर्न बाली बीमा तथा राहतका कार्यक्रम सञ्चालन गरिनेछ।

ज. बाली जन्य रोगको अनुसन्धान गरि उपयुक्त उपचार सेवा उपलव्ध गराइनेछ ।

रणनीति ५: उत्पादित वस्तुको बजारीकरण गर्ने।

क. आन्तरिक तथा बाह्य बजार लक्षित निर्यातजन्य बालीको प्रशोधन, भण्डारण, प्याकेजिङ, ब्राण्डिङ लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

ख. सम्पूर्ण मूल्यशृङ्खला (उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण)मा आधारित कृषि प्रणाली अवलम्बन गरिनेछ।

ग. निर्यात विविधिकरण गर्नका साथै निर्यातमा आउने बाधाको सम्बोधन गर्न संघीय सरकारसँग सहकार्य गरिनेछ।

रणनीति ६ : कृषि उद्योगको संरक्षण, विकास र विस्तार गर्ने।

क. कृषिमा आधारित साना, मझौला तथा ठूला उद्योगको स्थापनालाई प्रोत्साहन र सहजीकरण गरिनेछ।

ख. कृषिजन्य उद्योगका उत्पादनलाई गुणस्तर परीक्षणको विशेष सुविधा उपलब्ध गराइनेछ।

ग. कृषि उत्पादनको ब्राण्डिङ र बजारीकरणलाई सहयोग गरिनेछ।

घ. कृषिमा आधारित उद्योगको लागि सुलभ कृषि कर्जाको व्यवस्था गरिनेछ।

ङ. कृषि क्षेत्रको उन्नतिका लागि लगानी प्रवर्द्धन गरिनेछ।

अपेक्षित उपलब्धी :

कृषि प्रशोधन र कृषिजन्य उद्योगमा निजी क्षेत्रको लगानीमा वार्षिक वृद्धि १५ प्रतिशत, मकैको उत्पादकत्व प्रति हेक्टर २.५ मे.टन बाट ५ मे.टन., धानको उत्पादकत्व ३.५ मे. टन. प्रति हेक्टरबाट ५ मे.टन., तरकारीको उत्पादनमा वार्षिक १० प्रतिशत वृद्धि, निर्यात गरिने कृषिजन्य उपज मध्ये २० प्रतिशत वस्तु प्रशोधित एवम् मूल्य अभिवृद्धि भएको हुने, स्वस्थकर खाद्यान्नको उपलब्धतामा सुधार भएको हुने, जैविक खेतीको पकेट क्षेत्र विस्तार भएको हुने, रैथाने जातका कृषि उत्पादन वृद्धि भएको हुने, असहाय, गरीब र सीमान्तकृत समुदायमा खाद्य तथा पोषणको पहुँच पुगेको हुनेछ।

स्रोतः प्रदेश योजना आयोग, २०७६

४. कृषि विकास निर्देशनालयको परिचय

४.१. ऐतिहासिक पृष्ठभूमि

नेपालमा कृषि विकासका कार्यक्रम कार्यान्वयनको संस्थागत विकासको थालनी विक्रम सम्वत १९७८ मा चारखालमा स्थापित कृषि अड्डावाट शुरु भएको पाईन्छ । विभिन्न कालखण्डमा यसले विभिन्न स्वरुपमा आफ्नो अस्तित्व गर्दै हालको अवस्थामा आईपुगेको हो ।कृषि प्रदर्शनी फार्म, कृषि परिषद, अनुसन्धान परिषद, कृषि विभाग, वागवानी केन्द्र, मत्स्य विकास केन्द्र लगायतको संरचनाको विकास क्रमले हाल सम्मको कृषिको अवस्थाको प्रतिविम्वित गर्दछ । आ.व. २०३७/०३८ वाट कृषि मन्त्रालयको विधिवत शुरुवात भएको थियो ।

वि.स. २०७२ सालमा जारी गरिएको नेपालको संबिधानमा देशमा संघियता लागु गरी सो को कार्यान्वयन गर्ने उद्देश्य अनुरुप संघ, प्रदेश, र स्थानीय तह गरी तीन तहको राजनीतिक तथा प्रशासनिक इकाईहरु रहने व्यवस्था भएको छ। संवैधानिक व्यवस्था अनुसार २०७४ सालमा तीनै तहको निर्वाचन सम्पन्न भई संघियता कार्यान्वयनको चरणमा अगाडी वढिरहेको छ। पछिल्लो चरणमा देशलाई एक संघ सात प्रदेश तथा ७५३ स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, गाउपालिका) र ७७ जिल्ला समन्वय समितिहरु समेत विभाजन गरी सवैलाई संविधानले प्रदत्त गरेको आर्थिक प्रशासनिक तथा राजनैतिक अधिकारको उच्चतम प्रयोग गर्ने अवसर प्राप्त भएको छ। यहि क्रममा कोशी प्रदेशको सदरमुकाम विराटनगरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको (हाल उद्योग, कृषि तथा सहकारी मन्त्रालय) २०७४ साल माघ २९ गते औपचारिक स्थापना भएको थियो ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत यस कृषि विकास निर्देशनालय २०७५ असोज ८ गते स्थापना भई हाल कार्य गरिरहेको छ ।यस निर्देशनालय अन्तर्गत तालिम केन्द्र (१), कृषि ज्ञान केन्द्रहरु (१४), तथा प्रयोगशालाहरु (३) रहेका छन ।

नेपालको संविधान संघीय कानुन तथा प्रदेश कानुनको अधिनमा रहि प्रदेशको आवश्यक्ता र सम्भाव्यता अनुरुप कृषि विकास सम्वन्धि नीति तर्जुमा एवं कार्यान्वयन गर्ने मूल उद्देश्य वोकेर व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीवाट उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिवी निवारणमा योगदान पुर्‍याउनु मुख्य लक्ष्य राखेको छ ।

४.२. कृषि विकास निर्देशनालयको कार्यविवरण

प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम, आवश्यकता तथा औचित्यताका आधारमा कृषि विकास निर्देशनालयको कार्य विवरण देहाय वमोजिम तोकिएको छ ।

१. प्रादेशिक कृषि सम्वन्धी नीति नियम तथा व्यवसायिक योजना तर्जुमा, कार्यान्वयन गर्ने तथा आवश्यक सहयोग गर्ने ।
२. मातहत कार्यालयहरुको प्रभावकारी सञ्चालनका लागि प्रशासनिक र प्राविधिक निर्देशन, अनुगमन, निरीक्षण प्राविधिक पृष्ठपोषण गर्ने ।
३. खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी प्रदेश सरकारलाई पृष्ठपोषण गर्ने तथा खाद्य सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण बालीको पहिचान गरी विकास एवं प्रवर्द्धन गर्ने ।
४. पोष्टहार्भेष्ट व्यवस्थापन बाली संरक्षण तथा व्यवसायिक कीट विकास वजार तथा अन्य कृषि पूर्वाधार विकास कृषि यान्त्रिकरण नीति तर्जुमा तथा कार्यान्वयन गर्ने ।
५. प्रदेश स्तरको कृषि सम्वन्धी तथ्याङ्क संकलन एवं अद्यावधिक गर्ने ।
६. कृषि उत्पादन सामाग्रीको आपूर्ति स्थितिको नियमित अनुगमन गर्ने तथा गुणस्तर नियन्त्रण गर्ने कार्यमा आवश्यक सहयोग गर्ने ।
७. कृषि प्रसार कार्यमा सूचना तथा संचार प्रविधिको प्रयोग प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
८. प्रदेश स्तरमा माटोको उर्वराशक्ति नक्सा तयार गरी सो को आधारमा माटो सुधार सम्वन्धी नीति योजना तर्जुमा गर्ने ।
९. प्रदेशमा सञ्चालन हुने संघीय कृषि विकास कार्यक्रमको संयोजन र समन्वय गर्ने ।
१०. प्रदेश कृषि विकासमा संलग्न निकायहरु वीच समन्वय तथा सहकार्य गर्ने ।
११. प्रदेश स्तरमा कृषि प्रविधि विस्तार कार्यको समन्वय गर्ने ।
१२. प्रदेश स्तरमा कृषि प्रसार कृषि शिक्षा र कृषि अनुसन्धान सम्वद्ध निकायहरु वीच कार्यमूलक सम्वन्ध स्थापित गराउने ।
१३. प्रदेश स्तर गुणस्तरिय श्रोत वीउ उत्पादन तथा व्यवस्थापनमा आवश्यक सहयोग गर्ने ।
१४. कृषि क्षेत्रसँग सम्वन्धित ऐन, कानुन, नीति तथा नियमले सृजना गरेका कानुनी दायित्वहरु निर्वाह गर्ने तथा सहयोग गर्ने ।
१५. प्रदेशस्तरमा कार्यरत कृषि जनशक्तिको क्षमता विकासका लागि नीति तथा योजना तर्जुमा गर्ने ।
१६. कृषि क्षेत्रको संघीय तथा प्रादेशिक नीति मापदण्ड कार्यान्वयन तथा पृष्ठपोषण गर्ने ।

कृषि विकास निर्देशनालयका हालसम्मका प्रमुखहरुको नामावली

क्र.स.	नाम	श्रेणी/तह	अवधि	कैफियत
१.	वेनु प्रसाद प्रसाई	रा.प.प्र.(प्रा.)	२०७५/०६/०८ देखि २०७६/०८/१७ सम्म	
२.	प्रकाशकुमार डाँगी	अधिकृतस्तर दशौं	२०७६/०८/१८ देखि	

४.३. निर्देशनालय अन्तर्गतका कार्यालयहरु

४.३.१. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तर्गत रहने गरी स्थापित कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको कार्य विवरण सम्वन्धमा प्रदेश सरकारको सोच नीति तथा कार्यक्रम एवं औचित्यताको आधारमा कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको कार्य विवरण देहाय वमोजिम तोकिएको छ ।

कार्य विवरणः-

१. तालिम तथा क्षमता विकासका क्षेत्रमा प्रदेश सरकारको कार्यान्वयन ईकाइको रुपमा कार्य गर्ने ।
२. प्रदेश स्तरका कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय सञ्चालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यक्ता पहिचान गरी सो अनुरुप तालिम कार्यक्रम सञ्चालन गर्ने ।
३. तालिमको आवश्यक्ता पहिचान, प्रभावकारिता र अनुसरण सम्वन्धी अध्ययन अनुसन्धान गर्ने ।
४. सम्भाव्यताका आधारमा फर्म केन्द्रहरुमा सिपमूलक आवासीय व्यवहारिक तालिमहरु सञ्चालन गर्ने
५. कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने ।
६. कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय सञ्चालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने ।
७. कृषि उद्यमी तथा व्यवसायीहरुलाई व्यवसाय सञ्चालनका लागि आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धित निकायहरुसँग समन्वय गराउने ।
८. विभिन्न कृषि उद्यम तथा व्यवसाय सञ्चालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने ।
९. कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाई उद्यम तथा व्यवसाय सञ्चालनमा आवश्यक सहजिकरण गर्ने ।
१०. तोकिएको शुल्क लिएर अन्य निकायवाट माग भए वमोजिम कृषि उद्यम तथा व्यवसाय सञ्चालन एवं प्रवर्द्धन सम्वन्धी तालिमहरु सञ्चालनको व्यवस्था गर्ने ।
११. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रलाई प्रविधि सिकाई केन्द्रको रुपमा परिणत गर्ने ।
१२. स्थानीय तह तथा प्रदेश स्तरमा कार्यरत कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि तथा वृत्ति विकास सम्वन्धी तालिमहरु सञ्चालन गर्न साथै कृषि क्षेत्रमा कार्यरत संघ संस्थाका कृषि प्राविधिकहरुको मागका आधारमा क्षमता अभिवृद्धि तालिम सञ्चालन गर्ने ।

४.३.२. कृषि ज्ञान केन्द्रहरु

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तर्गत रहने गरी स्थापित कृषि ज्ञान केन्द्रको कार्य विवरण प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम आवश्यक्ता, औचित्यताका आधारमा देहाय वमोजिम तोकिएको छ ।

कार्यविवरणः-

- प्रदेश सरकारको कृषि विकास कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकारको कृषि विकास कार्यक्रम कार्यान्वयन ईकाइको रुपमा काम गर्ने ।
- स्थानीय समस्यामा आधारित स-साना अध्ययन परीक्षण तथा प्रमाणिकरण (Validation)परीक्षण सञ्चालन गर्ने।
- स्थानीय तहसँग समन्वय गरी कृषि सम्वन्धी तथ्याङ्क संकलन तथा सम्प्रेषण गर्ने ।
- विभिन्न बालीहरुको अवस्था नियमित अनुगमन गरी मासिक रुपमा मौसमी प्रतिवेदन तथा प्राकृतिक प्रकोप मौसम प्रतिकुलता आदिवाट देखा पर्ने समस्याको क्षतिको विवरण संकलन तथा सम्प्रेषण गर्ने ।
- विषादी, वीउ विजन रासायनिक तथा प्राङ्गारिक मलको गुणस्तर अनुगमन तथा आपुर्ति व्यवस्था वारे नियमित अनुगमन तथा समन्वय गर्ने ।
- माटो तथा मल बाली संरक्षण र वीउ विजन परीक्षण सम्वन्धी सामान्य प्रयोगशाला सेवा सञ्चालन गर्ने ।
- व्यवसायिक कृषक र व्यवसायीहरुको लागि कृषिसँग सम्वन्धित तालिम सञ्चालन गर्ने ।
- स्थानीय तहको क्षमताले नभ्याउने प्रकृतिका विशेषज्ञ प्रविधिक सेवा टेवा प्रदान गर्ने ।
- स्थानीय किसान कृषि उद्यमी तथा कृषि प्राविधिकका लागि नविनतम कृषि प्रविधिका श्रव्यदृष्य लगायतका प्रचार प्रसार र जानकारीमूलक सामाग्री उपलव्ध गराउन सूचना केन्द्रको रुपमा कार्य गर्ने ।
- स्थानीय कृषि जैविक विविधताको पहिचान, संरक्षण र उपयोग सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषदको वाह्रय अनुसन्धान कार्यक्रममा समन्वय र सहयोग पुर्‍याउने ।
- वीउ विजनको लागि श्रोत केन्द्र विकासमा सहयोग गर्ने ।
- प्रदेशमा संचालित संघीय कृषि विकास कार्यक्रम कार्यान्वयन, समन्वय तथा सहजीकरण गर्ने ।
- कृषि स्नातक तथा जे.टी./जे.टी.ए. अध्ययनरत विद्यार्थीका लागि ईन्टर्नसिप कार्यक्रममा सहयोग गर्ने ।
- कृषि उद्यम तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरुको लागि व्यवसाय विकास सेवा उपलव्ध गराउने ।
- बाली विमा तथा सहुलियत व्याज दरको कृषि कर्जा कार्यक्रम कार्यान्वयन समन्वय तथा सहजिकरण गर्ने ।
- माहामारी र प्राकृतिक प्रकोपका कारण भएको कृषि धनको क्षति विवरण संकलन तथा क्षतिपूर्ति राहत र पुन: स्थापनाका कार्यहरु गर्ने गराउने ।
- समग्र कृषि विकासको विषयमा प्रदेश र स्थानीय तह वीच समन्वयको काम गर्ने ।
- कृषि क्षेत्रसँग सम्वन्धित ऐन, कानुन, नीति, तथा नियमले सृजना गरेका कानुनी दायित्वहरु निर्वाह गर्ने । तथा सो कार्यमा आवश्यक सहयोग गर्ने ।
- स्थलगत उद्यमशिलता, रोजगारी मुलक, सशक्तिकरण, सिप विकास तथा क्षमता अभिवृद्धि, स्कूल हर्टिकल्चर तालिमहरु सञ्चालन गर्ने ।
- मौसम अनुसारका फलफूल तथा तरकारी उत्पादन सम्बन्धी कृषकस्तर तालिमहरु सञ्चालन गर्ने ।

- ईडिमयल, स्थानीय नास्पाती, आरुको जर्मप्लाज्म खरिद तथा संरक्षण र विकास गर्ने ।
- पि.वि.एस वीउ आलु उत्पादन, तरकारी वेर्ना उत्पादन तथा विक्री, रुटस्टक विरुवा उत्पादन तथा खरिद, हिँउदे फलफूल विरुवा विक्री गर्ने ।
- फार्ममा उत्पादित फलफूल प्रसोधन गर्ने ।
- रेशम किरापालन तथा किम्बु वगैंचा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने
- व्यवसायिक रेशम कोया उत्पादन र बिक्रि वितरण गर्ने
- रेशम किरा पालन सम्बन्धी प्रदेश योजना तयार गर्ने तथा सम्भाव्यता अध्ययन गर्ने ।
- फार्मभित्र व्यवसायिक रेशम कोया उत्पादन कार्यक्रम सञ्चालन गर्ने
- कृषक स्तरमा रेशम कोया उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

४.३.३. प्रयोगशालाहरु

कार्यविवरणः-

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय अन्तर्गत रहने गरी स्थापित प्रयोगशालाको कार्य विवरण प्रदेश सरकारको सोच, नीति तथा कार्यक्रम आवश्यक्ता, औचित्यताका आधारमा देहाय वमोजिम तोकिएको छ ।

- बिभिन्न बालीको पकेट क्षेत्र, कृषकको खेतबारी र फर्महरुमा स्थलगत निरीक्षण गरी रोग कीरा, बाली उत्पादन, बीउ उत्पादन र व्यवस्थापनमा सहयोग गरी कृषि उत्पादनको वृद्धिमा जोड दिने।
- कृषकको खेतबारीमा निरीक्षण गरी हानिकारक रोग तथा कीराहरुको अध्ययन तथा अद्यावधिक रेकर्ड राख्ने, स्थलगत पहिचान गरि नमुना संकलन गर्ने, तिनको नोक्सानीबाट वचाउन कृषकहरुलाई प्राविधिक सल्लाह दिई बाली संरक्षण कार्यक्रम सञ्चालन गर्ने।
- विषादीको असर कम गर्न एकिकृत बाली संरक्षण प्रविधि कृषक समक्ष पुर्‍याउने ।
- हानिकारक विषादीको प्रयोगमा कमी ल्याई स्थानीय श्रोत साधन (जडिबुटी तथा वोटविरुवा इत्यादी) बाट बनाईने बिषादी र सुरक्षित रासायनिक विषादीको प्रयोग गरेर रोग तथा कीराहरुको व्यवस्थापन गर्ने।
- बाली संरक्षण तथा विषादी प्रयोग सम्बन्धमा यस क्षेत्रको कृषकहरुलाई भेला गराई कृषक दिवस अन्तरक्रिया तथा गोष्ठि गर्ने।
- प्रतिबन्धित रोग तथा किटनासक विषादी बारे कृषक समक्ष जानकारी गराउने।
- विभिन्न बाली उत्पादनमा नोक्सानी पुर्‍याउने शत्रु जीव तथा फाइदा पुर्‍याउने मित्र जीव वारे कृषक पाठशाला तथा अन्य कार्यक्रम मार्फत कृषक समक्ष जानकारी गराई एकिकृत बाली संरक्षण व्यवस्थापनमा सहयोग पुर्‍याउने ।
- बाली संरक्षण सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने।
- विभिन्न बालीहरुको वीउ उत्पादन, परीक्षण तथा प्रमाणिकरण गर्ने ।
- कृषकहरुले उत्पादन गरेको वीउको गुणस्तर मापन गर्ने ।
- वीउ बाली निरीक्षण, वीउ भण्डारण निरीक्षण, वीउ बजार अनुगमन निरीक्षण गर्ने ।
- वीउ विजन सम्बन्धी सरोकारवलाहरुको अन्तरक्रिया गोष्ठी गर्ने ।

- वीउ नमुना गुणस्तर परीक्षण, रेफ्री नमुना गुणस्तर परीक्षण गर्ने ।
- माटो नमुना परीक्षण, मलखाद्यको गुणस्तर विश्लेषण, शुक्ष्म तत्वको नमुना संकलन तथा विश्लेषण गर्ने ।
- साझेदारीमा घुम्ती प्रयोगशाला मार्फत शिविर सञ्चालन, माटो परीक्षण शिविर सञ्चालन गर्ने ।
- माटो जाँचको लागि समन्वयहरु गर्ने ।
- IPNS कृषक पाठशाला सञ्चालन गर्ने ।
- कृषकको माग अनुसार उत्पादित क्षेत्रहरुमा बाली संरक्षण, बिउ उत्पादन, माटो परीक्षण लगायतका प्राविधिक सेवा उपलब्ध गराउने।

४.४. मुख्य मुख्य कार्यक्रमहरु

कृषि सम्बन्धी विभिन्न क्रियाकलापहरु यस प्रकार छन्।

१. कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम
२. प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन तथा विस्तार कार्यक्रम
३. चियाखेती प्रवर्द्धन तथा आधुनिकिकरण कार्यक्रम
४. शित भण्डार घर निर्माण कार्यक्रम
५. एग्रीमार्ट स्थापना कार्यक्रम
६. एक हेक्टर भन्दा बढि क्षेत्रफलमा किवीफल खेती विस्तारका लागि प्रस्तावनामा आधारित अनुदान कार्यक्रम
७. बगर खेती कार्यक्रम
८. स्क्रिन हाउस निर्माण कार्यक्रम
९. सुन्तलाजात बगैचा व्यवस्थापन एवं सुदृढिकरण कार्यक्रम
१०. व्यवसायिक फलफूल बगैचा स्थापना सहयोग कार्यक्रम
११. नमुना कृषि फार्म स्थापना तथा सञ्चालन कार्यक्रम
१२. आलु भण्डारणको लागि रष्टिक स्टोर निर्माण कार्यक्रम
१३. खेर गएका सार्वजनिक जग्गामा फलफूल खेती प्रवर्द्धन कार्यक्रम
१४. कागती खेती प्रवर्द्धन कार्यक्रम
१५. किवी खेती प्रवर्द्धन कार्यक्रम
१६. कफी खेती विस्तार कार्यक्रम
१७. व्यवसायिक बीजबृद्धि प्रवर्द्धन तथा बीउ आत्मनिर्भर कार्यक्रम
१८. समुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यक्रम
१९. कृषि बजार तथा संकलन केन्द्र निर्माण कार्यक्रम
२०. नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र बिस्तार कार्यक्रम
२१. सघन बाली विकास कार्यक्रम
२२. उन्नत बिउ बिजन उत्पादन सामग्रीमा सहयोग कार्यक्रम
२३. चैते धान विशेष सहयोग कार्यक्रम
२४. कमर्सियल एग्रीकल्चर एलायन्स (CAA) मार्फत सन्चालन हुने व्यवसायिक कृषि विकास कार्यक्रम

२५. स्रोत केन्द्र च्याउ तथा मौरी विकास कार्यक्रम
२६. चक्लाबन्दी खेती प्रवर्द्धन कार्यक्रम
२७. अभियानमुखी अदुवा उत्पादन प्रवर्द्धन कार्यक्रम
२८. माटो परिक्षण मिनिल्याव स्थापना तथा सुदृढिकरण कार्यक्रम
२९. अलैंची खेती कार्यक्रम
३०. कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यक्रम
३१. मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम
३२. रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम
३३. विश्वविद्यालय,अध्ययन सस्थान र कलेजहरुको समन्वयमा कृषि प्रसार कार्यक्रम
३४. बीउ उत्पादन, प्रशोधन तथा भण्डारण सहयोग
३५. हुलाकी राजमार्ग तथा मुख्य राजमार्ग लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम
३६. युवा लक्षित कृषि विकास कार्यक्रम
३७. प्राङ्गारिक मल उत्पादन सहयोग कार्यक्रम भर्मिकम्पोष्ट
३८. प्राङ्गारिक कृषि प्रवर्द्धन अभियान कार्यक्रम
३९. महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम
४०. साझेदारीमा कृषि तथा पशुपन्छी पूर्वाधार विकास कार्यक्रम
४१. एक पालिका एक नर्सरी स्थापना सहयोग कार्यक्रम
४२. एकिकृत कृषि सिकाई केन्द्र सञ्चालन कार्यक्रम
४३. ग्रामिण कृषि कार्यकर्ता/स्वयंसेवक परिचालन कार्यक्रम
४४. वेरोजगार कृषि प्राविधिकहरुलाई व्यवसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित कृषि कार्यक्रम
४५. मागमा आधारित कृषि कार्यक्रम

४.५. कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको संगठन संरचना

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र (१४)

१. कृषि ज्ञान केन्द्र, ताप्लेजुङ्ग
२. कृषि ज्ञान केन्द्र, पाँचथर
३. कृषि ज्ञान केन्द्र, ईलाम
४. कृषि ज्ञान केन्द्र, झापा
५. कृषि ज्ञान केन्द्र, मोरङ्ग
६. कृषि ज्ञान केन्द्र, सुनसरी
७. कृषि ज्ञान केन्द्र, धनकुटा
८. कृषि ज्ञान केन्द्र, भोजपुर
९. कृषि ज्ञान केन्द्र, तेह्रथुम
१०. कृषि ज्ञान केन्द्र, संखुवासभा
११. कृषि ज्ञान केन्द्र, सोलुखुम्बु
१२. कृषि ज्ञान केन्द्र, खोटाङ्ग
१३. कृषि ज्ञान केन्द्र, ओखलढुङ्गा
१४. कृषि ज्ञान केन्द्र, उदयपुर

१. कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, झुम्का

प्रयोगशाला (३)

१. बाली संरक्षण प्रयोगशाला, विराटनगर
२. बीउ विजन परीक्षण प्रयोगशाला, झुम्का
३. माटो तथा मल परीक्षण प्रयोगशाला, झुम्का



चित्र १: कृषि विकास निर्देशनालयको संगठन संरचना

४.६. जनशक्ति विवरण

कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको आ.व २०७९/८० को स्वीकृत दरवन्दी, पदपूर्ति अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ । स्वीकृत दरवन्दी अनुसार ५८.२८ प्रतिशत मात्र प्राविधिक कर्मचारीहरुको पदपूर्ति भएको देखिन्छ भने स्वीकृत दरवन्दी अनुसार कुल ६५.१० प्रतिशत मात्र कर्मचारी पदपुर्ति भएको देखिन्छ । आ.व २०७९/८० असार मसान्त सम्मको यस कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको कर्मचारी दरवन्दी तथा पदपूर्ति विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.१: कृषि विकास निर्देशनालयको कर्मचारी दरवन्दी तथा पदपूर्ति विवरण आ.व. २०७९/८०

क्र.स.	पद	श्रेणी/तह	सेवा	समूह	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
१	प्रमुख	अधिकृतस्तर एघारौं तह	नेपाल कृषि	समूहकृत नहुने	१	०	१
२	बरिष्ठ कृषि प्रसार अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	कृषि प्रसार	३	१	२
३	बरिष्ठ कृषि अर्थ विज्ञ	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	एग्री.ईको.एण्ड मार्केटिङ्ग	२	०	२
४	बरिष्ठ वागवानी विकास अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	वागवानी विकास	१	०	१
५	बरिष्ठ बाली संरक्षण अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	बाली संरक्षण	१	०	१
६	बरिष्ठ बाली विकास अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	नेपाल कृषि	बाली विकास	१	०	१
७	शाखा अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल प्रशासन	सामान्य प्रशासन	१	०	१
८	लेखा अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल प्रशासन	लेखा	१	०	१
९	कृषि प्रसार अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	कृषि प्रसार	१	१	०
१०	कृषि अर्थ विज्ञ	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	एग्री.ईको.एण्ड मार्केटिङ्ग	२	१	१
११	वागवानी विकास अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	वागवानी विकास	२	२	०
१२	बाली संरक्षण अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	बाली संरक्षण	१	१	०
१३	बाली विकास अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	नेपाल कृषि	वाली विकास	१	१	०
१४	कृषि ईन्जिनियर	अधिकृतस्तर	नेपाल कृषि	ईन्जिनियरिङ्ग	१	०	१

क्र.स.	पद	श्रेणी/तह	सेवा	समूह	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
		सातौं/आठौं तह					
१५	नायव सुव्वा/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल प्रशासन	सामान्य प्रशासन	१	१	०
१६	लेखापाल/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल प्रशासन	लेखा	१	१	०
१७	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	कृषि प्रसार	२	१	१
१८	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	एग्री.ईको.एण्ड मार्केटिङ्ग	२	०	२
१९	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	वागवानी विकास	२	२	०
२०	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	बाली संरक्षण	१	०	१
२१	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	वाली विकास	१	१	०
२२	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	माटो विज्ञान	१	१	०
२३	सव-ईन्जिनियर	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल कृषि	ईन्जिनियरिङ्ग	१	१	०
२४	कम्प्यूटर अप्रेटर/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	नेपाल विविध	विविध	१	०	१
२५	हलुका सवारी चालक	श्रेणी विहिन	ईन्जिनियरिङ्ग	मेकानिकल	२	२	०
२६	कार्यालय सहयोगी	श्रेणी विहिन	नेपाल प्रशासन	सामान्य प्रशासन	४	४	०
जम्मा					**३८**	**२१**	**१७**

तालिका नं. २ : कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको दरवन्दी तथा पदपूर्ति विवरण आ.व २०७९/८०

क्र.स.	पद	श्रेणी/तह	समूह	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
१	प्रमुख	अधिकृतस्तर एघारौं तह	समूहकृत नहुने	२	०	२
२	वरिष्ठ कृषि प्रसार अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	कृषि प्रसार	४	१	३
३	वरिष्ठ कृषि अर्थ विज्ञ	अधिकृतस्तर नवौं/दशौं तह	एग्री.ईको.एण्ड मार्केटिङ्ग	३	०	३
४	वरिष्ठ वागवानी विकास अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	वागवानी विकास	१	०	१
५	वरिष्ठ बाली संरक्षण अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	बाली संरक्षण	३	०	३
६	वरिष्ठ बाली विकास अधिकृत	अधिकृतस्तर नवौं/दशौं तह	बाली विकास	२	०	२
७	बरिष्ठ माटो विज्ञ	अधिकृतस्तर नवौं/ दशौं तह	माटो विज्ञान	१	०	१
८	प्रमुख	अधिकृतस्तर नवौं/दशौं तह	समूहकृत नहुने	१४	१	१३
९	शाखा अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	सामान्य प्रशासन	१	०	१
१०	लेखा अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	लेखा	१	०	१
११	कृषि प्रसार अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	कृषि प्रसार	२१	१३	८
१२	कृषि अर्थ विज्ञ	अधिकृतस्तर सातौं/आठौं तह	एग्री.ईको.एण्ड मार्केटिङ्ग	१३	६	७
१३	वागवानी विकास अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	वागवानी विकास	१६	१०	६
१४	बाली संरक्षण अधिकृत	अधिकृतस्तर सातौं/आठौं तह	बाली संरक्षण	१५	१०	५
१५	बाली विकास अधिकृत	अधिकृतस्तर	वाली विकास	६	३	३

क्र.स.	पद	श्रेणी/तह	समूह	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
		सातौं/आठौं तह				
१६	माटो विज्ञ	अधिकृतस्तर सातौं/ आठौं तह	माटो विज्ञान	३	१	२
१७	कृषि ईन्जिनियर	अधिकृतस्तर सातौं/ आठौं तह	ईन्जिनियरिङ्ग	१	०	१
१८	नायव सुव्वा/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	सामान्य प्रशासन	१३	८	५
१९	लेखापाल/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	लेखा	१७	८	९
२०	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	कृषि प्रसार	१५	११	४
२१	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	एग्री.ईको.एण्ड मार्केटिङ्ग	३	१	२
२२	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	वागवानी विकास	१७	१६	१
२३	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	बाली संरक्षण	२०	१६	४
२४	प्राविधिक सहायक/ अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	वाली विकास	४	३	१
२५	प्राविधिक सहायक/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	माटो विज्ञान	८	७	१
२६	सव-ईन्जिनियर	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	ईन्जिनियरिङ्ग	१	१	०
२७	मेकानिक्स	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	मेकानिकल	१	०	१
२८	कम्प्यूटर अप्रेटर/अधिकृत	स.स्तर पाँचौं/ अधिकृतस्तर छैटौं	विविध	१	०	१
२९	खरिदार	स.स्तर चौथो /पाँचौं	सामान्य प्रशासन	९	४	५
३०	सह-लेखापाल	स.स्तर चौथो /पाँचौं	लेखा	२	०	२
३१	नायव प्राविधिक सहायक	स.स्तर चौथो /पाँचौं	बाली संरक्षण	५	५	०

क्र.स.	पद	श्रेणी/तह	समूह	स्वीकृत दरवन्दी	पदपुर्ति	रिक्त संख्या
३२	नायव प्राविधिक सहायक	स.स्तर चौथो /पाँचौं	वाली विकास	१	१	०
३३	नायव प्राविधिक सहायक	स.स्तर चौथो /पाँचौं	माटो विज्ञान	२	२	०
३४	हलुका सवारी चालक	श्रेणी विहिन ह.स.चा.	मेकानिकल	१७	१५	२
३५	कार्यालय सहयोगी	श्रेणी विहिन	सामान्य प्रशासन	५५	५१	४
जम्मा				२९८	१९४	१०४
			प्रतिशत		६५.१	३४.९

तालिका नं. ३ कृषि विकास निर्देशनालयका कर्मचारीहरुको नामावली विवरण आ.व.२०७९/८०

क्र.सं.	पद	नाम थर	सेवा / समूह	श्रेणी / तह	कैफियत
१	बरिष्ठ कृषि प्रसार अधिकृत	श्री प्रकाशकुमार डाँगी	कृषि/ कृषि प्रसार	अधिकृतस्तर दशौं	
२	बाली संरक्षण अधिकृत	श्री सरस्वती श्रेष्ठ	कृषि/ बाली संरक्षण	अधिकृतस्तर आठौं	
३	वागवानी बिकास अधिकृत	श्री दीपा देव	कृषि/ वागवानी	अधिकृतस्तर आठौं	
४	कृषि अर्थ बिज्ञ	श्री नेत्रमणि काफ्ले	कृषि/ एग्री.ईको. एण्डमार्केटिङ्ग	अधिकृतस्तर सातौं	
५	वागवानी बिकास अधिकृत	श्री पूर्णमाया गुरुङ्ग	कृषि/ वागवानी	अधिकृतस्तर सातौं	
६	कृषि प्रसार अधिकृत	श्री नविन अधिकारी	कृषि/ कृषि प्रसार	अधिकृतस्तर सातौं	करार
७	बाली विकास अधिकृत	श्री एलिसा खड्का	कृषि/ बाली	अधिकृतस्तर सातौं	करार
८	अधिकृत	श्री उदय कुमार सिंह	कृषि/ कृषि प्रसार	अधिकृतस्तर छैटौं	
९	अधिकृत	श्री सन्तोषकुमार कोइराला	प्रशासन/ सा.प्र.	अधिकृतस्तर छैटौं	
१०	अधिकृत	श्री गणेशकुमार राइ	कृषि/ बागबानी	अधिकृतस्तर छैटौं	
११	अधिकृत	श्री काजीमान प्रधान	कृषि/ बागबानी	अधिकृतस्तर छैटौं	
१२	अधिकृत	श्री तारा बहादुर घिमिरे	कृषि/ ईन्जिनियरीङ्ग	अधिकृतस्तर छैटौं	
१३	अधिकृत	श्री भवानी बस्नेत	कृषि/ बाली	अधिकृतस्तर छैटौं	
१४	अधिकृत	श्री श्रवणकुमार घिमिरे	सा.प्र./लेखा	अधिकृतस्तर छैटौं	

क्र.सं.	पद	नाम थर	सेवा / समूह	श्रेणी / तह	कैफियत
१५	अधिकृत	श्री रञ्जना प्रसाई	कृषि/ माटो बिज्ञान	अधिकृतस्तर छैटौं	
१६	हलुका सवारी चालक	श्री वसन्त श्रेष्ठ	ईन्जिनीयरीङ्ग/ मेकानिकल	श्रेणी विहिन	
१७	का.स. पाचौं	श्री जनक चौधरी	प्रशासन/ सा.प्र.	श्रेणी विहिन	
१८	का.स. पाचौं	श्री रमेश खाँ थारु	प्रशासन/ सा.प्र.	श्रेणी विहिन	
१९	हलुका सवारी चालक	श्री सन्तोष चौधरी	ईन्जिनीयरीङ्ग/ मेकानिकल	श्रेणी विहिन	करार
२०	का.स.	श्री सुर्यनारायण यादव	प्रशासन/ सा.प्र.	श्रेणी विहिन	करार
२१	का.स.	श्री विनोद राउत	प्रशासन/ सा.प्र.	श्रेणी विहिन	करार

भाग २ : वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट विवरण

१. वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१

१.१. कृषि विकास निर्देशनालय

कृषि विकास निर्देशनालयको आ.व. २०८०/८१ मा प्रदेश सरकारको स्वीकृत कार्यक्रम तर्फ विभिन्न क्रियाकलाप सञ्चालनका लागि रु. ६३३८५०००।- (छ करोड तेत्तीस लाख पचासी हजार) र मातहतका कार्यालयहरुको रु ६७११७२०००।- (सत्सठी करोड एघार लाख बहत्तर हजार) गरि जम्मा रु ७३४५५७०००।- (तिहत्तर करोड पैंतालिस लाख सन्ताउन्न हजार) विनियोजन भएको छ । त्यसै गरी संघीय सरकार कार्यक्रम तर्फ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको रु २०९०००००।- (दुइ करोड नौलाख), कृषि विभाग संघ सशर्त अनुदानको रु १४६०००००।- (एक करोड छयालिस लाख), बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रमको रु २९०००००।- (उनन्तिस लाख), र निर्देशनालय अन्तर्गत रहेको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना तर्फ रु ११९६०००००।- (एघार करोड छयानव्वे लाख) गरी जम्मा रु ८९२५५७०००।- (उनानव्वे करोड पच्चीस लाख सन्ताउन्न हजार) विनियोजन भएको छ र सोको कार्यक्रम विवरण तल उल्लेख गरिएको छ ।

तालिका नं. ४

१.२ कृषि विकास निर्देशनालय र मातहतका कार्यालयहरुको प्रदेश सरकार तर्फको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१

क्र.सं.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य		
				परिमाण	भार	बजेट
अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु						
११.१.२.१	कार्यालय भवन निर्माण	३१११२	प्र.श.	१	२३.६६	१५०००
११.१.३.२	ट्रस सेड निर्माण	३११६१	संख्या	१	३.१६	२०००
११.१.३.९	निर्मित भवनहरुको मर्मत संभार	३११६१	पटक	१	१.५५	९८०
११.३.७.३	कम्पुटर ल्यापटप खरिद	३११२२	संख्या	१	०.२०	१२५
११.३.७.४	कम्पुटर डेक्सटप खरिद	३११२२	संख्या	३	०.४७	३००
११.३.७.९	स्क्यानर खरिद	३११२२	संख्या	१	०.०२	१५
११.३.७.३८	कार्यालयमा सि.सि.टि.भि. क्यामेरा जडान (मोनिटर/स्क्रिन सहित)	३११२२	पटक	१	०.२४	१५०
११.३.१०.३	ईन्भटर सेट खरिद	३११२२	संख्या	१	०.१६	१००
११.३.२२.६	स्मार्ट मोबाईल खरिद	३११२२	संख्या	१	०.०५	३०

क्र.सं.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य		
				परिमाण	भार	बजेट
११.६.१३.१	कार्यालयको लागि फर्निचर तथा फिक्चर्स	३११२३	पटक	१	०.४७	३००
क) पूँजीगत खर्च कार्यक्रमको जम्माः					२९.९८	१९०००
आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु						
२.१.१.१	धाराको महसुल	२२१११	पटक	१	०.१५	९६
१.१.१.२	अधिकृतस्तर एघारौं	२११११	जना	०	१.५८	१००३
१.१.१.३	अधिकृतस्तर दशौं	२११११	जना	०	१.५७	९९५
१.१.१.४	अधिकृतस्तर नवौं	२११११	जना	०	४.७०	२९७८
१.१.१.५	अधिकृतस्तर आठौं	२११११	जना	०	२.५५	१६१६
१.१.१.६	अधिकृतस्तर सातौं	२११११	जना	०	८.२२	५२१०
१.१.१.७	अधिकृतस्तर छैटौं	२११११	जना	०	९.१४	५७९१
१.१.१.८	सहायकस्तर पाँचौं	२११११	जना	०	३.८९	२४६६
१.१.१.२५	ह.स.चा. पाँचौं स्तर	२११११	जना	०	१.७९	११३२
१.१.१.३०	का. स. पाँचौं स्तर	२११११	जना	०	२.२१	१४०१
२.१.२.१	बिद्युत महशुल	२२१११	पटक	१	०.३८	२४०
२.१.३.१	जारको पिउने पानी	२२१११	जार	१	०.१७	१०८
८.१.३.२	स्टोर प्रयोजनका लागि घरभाडा	२८१४२	पटक	१	०.८०	५१०
२.१.६.१	टेलिफोन महसुल	२२११२	पटक	१	०.१५	९६
२.१.७.१	ईमेल/ इन्टरनेट/वेवसाइट महसुल	२२११२	पटक	१	०.४५	२८८
१.२.२.१	स्थायी कर्मचारीको महंगी भत्ता	२११३२	जना	३८	१.४४	९१२
२.२.२.१	पेट्रोल- चार पाङ्ग्रे	२२२१२	लीटर	१२००	०.३८	२४०
२.२.२.२	पेट्रोल- दुई पाङ्ग्रे	२२२१२	लीटर	२०४०	०.६४	४०८
२.२.२.३	डिजेल	२२२१२	लीटर	३९००	१.११	७०२
२.२.२.४	मोबिल	२२२१२	लीटर	२४०	०.२३	१४४
२.२.३.२	ग्याँस	२२३१४	संख्या	४	०.११	७२
२.२.३.७	कार्यालय प्रयोजनका लागि अन्य ईन्धन	२२३१४	पटक	४	०.०९	६०
१.२.४.१	समितिको बैठक भत्ता	२११३४	पटक	४	०.१९	१२०
१.२.८.३	शिशु स्याहार भत्ता(भत्ता)	२११३९	संख्या	२	०.०२	१०

क्र.सं.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य		
				परिमाण	भार	बजेट
१.२.१०.१	पाले पहरा भत्ता	२११३९	जना	१	०.०३	१८
१.३.१.१	निजामती कर्मचारीहरुको पोशाक खर्च	२११२१	जना	३८	०.६०	३८०
२.३.१.२	हलुका सवारी साधन मर्मत खर्च	२२२१३	वटा	२	१.२६	८००
२.३.१.३	दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च	२२२१३	वटा	१८	०.४८	३०६
२.३.२.६	कार्यालयमा रहेका मेशिनरी औजारहरु मर्मत खर्च	२२२२१	पटक	३	०.३१	१९५
२.४.१.१	कार्यालय सामग्री खर्च	२२३११	पटक	४	१.४२	९००
२.४.९.१	पुस्तकालयका लागि पुस्तक खरिद	२२३१३	पटक/ संख्या	१	०.०५	३०
२.४.१३.१	पत्रपत्रिका छपाई बिज्ञापन तथा सुचना प्रकाशन	२२३१५	पटक	४	०.३२	२००
२.४.१४.१	कार्यालयवाट सूचना तथा विज्ञापन छपाई खर्च	२२३१५	पटक	४	०.३२	२००
२.५.३.१०	समस्याग्रस्त क्षेत्रमा विषय विज्ञ परिचालनका लागि परामर्श खरिद	२२४११	पटक	३	०.२४	१५०
२.५.५.१	वेभसाईट संचालन तथा तथ्याङ्क अद्यावधिक गर्न परामर्श सेवा खरीद	२२४१२	पटक	१	०.१६	१००
२.५.७.१	कार्यालय परिसर सरसफाईका लागि सेवा खरीद	२२४१३	महिना	२	०.५७	३६०
२.५.७.२	हलुका सवारी चालक सेवा करार1	२२४१३	महिना	१	०.५८	३७०
२.५.७.३	कार्यालय सहयोगी सेवा करार	२२४१३	महिना	२	१.०५	६६३
२.५.८.७	प्राविधिक कर्मचारी करार सेवा	२२४१३	संख्या	२	२.२०	१३९२
२.५.८.८	कार्यालय परिषरमा सुरक्षा सेवा करार	२२४१३	पटक/ संख्या	३	१.३६	८६०
२.५.११.३९	विश्व विद्यालय र अनुशन्धान केन्द्रहरुको समन्वयमा स्थागत रुपमा प्रविधि प्रचार प्रसार	२२५२२	पटक/ संख्या	३	१.४२	९००

क्र.सं.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य		
				परिमाण	भार	बजेट
१.६.४.१	कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च	२१२१३	जना	३८	०.२९	१८३
२.६.४.२	स्थानीय तहमा कार्यरत कृषि कर्मचारीहरुसँग अन्तरक्रिया गोष्ठी/तालिम	२२५१२	पटक	३	१.८९	१२००
२.६.४.१२	कार्यक्रम संचालनवारे कृषि ज्ञानकेन्द्रहरुलाई अभिमुखीकरण	२२५१२	पटक	१	०.३२	२००
२.६.६.३	समिक्षा/योजना तर्जुमा गोष्ठी	२२५१२	पटक	४	०.९५	६००
२.७.५.२३	प्रदेश कृषि डायरी छपाई तथा वितरण	२२५२२	पटक	१	१.५८	१०००
२.७.५.४६	बुलेटिन प्रकाशन	२२५२२	पटक	३	०.९५	६००
२.७.२५.८	वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क पुस्तिका प्रकाशन	२२५२२	पटक	१	०.१६	१००
२.७.२५.१०	आकस्मिक प्रकोपमा सहयोग	२२५२२	पटक	४	१.५८	१०००
२.७.२५.१५	राष्ट्रिय कृषि विकास सम्बन्धी कृषि प्राविधिक कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण (ट्राभलिगं सेमिनार)	२२५२२	पटक	१	१.२६	८००
२.७.२५.१७	जनचेतनामुलक पम्पलेट, बुकलेट तथा अन्य प्रचार सामग्रीहरु प्रकाशन तथा वितरण	२२५२२	पटक	४	०.९५	६००
२.७.२५.१८	रेडियो तथा टिभी मार्फत कृषि कार्यक्रम संचालन	२२५२२	पटक	४	०.७९	५००
२.७.२५.२९	प्रबिधि सामाग्री प्रकाशन	२२५२२	पटक	१	०.९५	६००
२.८.१.१	अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च(अनुगमन, मुल्याङ्कन र भ्रमण)	२२६११	पटक	२००	२.२७	१४४०
२.८.२.२	कर्मचारी सरुवा भ्रमण खर्च तथा अन्य भ्रमण खर्च	२२६१२	पटक	४	०.३८	२४०
२.९.२.१	कार्यालयमा भएका सवारीसाधनको	२२२१४	पटक	१	०.७९	५००

क्र.सं.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य		
				परिमाण	भार	बजेट
	विमा तथा नवीकरण खर्च					
२.९.६.१	कार्यालयमा दैनिक चियापान तथा अन्य आवश्यक विविध खर्च	२२७११	पटक	४	०.६३	४००
ख) चालु खर्च कार्यक्रमको जम्माः					७०.०२	४४३८५
कुल जम्मा खर्च					१००.००	६३३८५

कार्यक्रम / आयोजनाको नाम : पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (NAFHA)

क्र.सं.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य		
				परिमाण	भार	बजेट
अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु						
११.३.७.१	मेसिनरी तथा औजार खरिद	३११२२	पटक	१	१.५८	१.५
११.३.७.८	मल्टिमेडिया खरिद	३११२२	संख्या	१	२.११	२
११.३.७.१२	डि.एस.एल.आर क्यामरा खरिद	३११२२	संख्या	१	१.५८	१.५
११.३.१०.१	जि.पि.एस. खरिद	३११२२	संख्या	१	१.०५	१
११.३.१०.३	ईन्भटर सेट खरिद	३११२२	संख्या	१	१.०५	१
११.३.२२.६	स्मार्ट मोबाईल खरिद	३११२२	संख्या	२	०.६३	०.६
क) पूँजीगत खर्च कार्यक्रमको जम्माः				७	८	७.६
आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु						
२.१.१.१	धाराको महसुल	२२१११	पटक	५०	०.१३	०.१२
१.१.१.५	अधिकृतस्तर आठौं	२११११	जना	०	२६.१	२४.७
१.१.१.७	अधिकृतस्तर छैटौं	२११११	जना	०	४३.६	४१.३
२.१.२.१	बिद्युत महशुल	२२१११	पटक	३००	०.३८	०.३६
२.१.३.१	जारको पिउने पानी	२२१११	जार	२०	०.१३	०.१२
८.१.३.१	कार्यालय घर तथा आवास भाडा	२८१४२	पटक	१	३.७९	३.६
२.१.६.१	टेलिफोन महसुल	२२११२	पटक	२०००	०.५१	०.४८
२.१.६.३	टेलिफोन तथा ईन्टरनेट सम्बन्धी खर्च	२२११२	पटक	१	०.६३	०.६
१.२.२.१	स्थायी कर्मचारीको महंगी भत्ता	२११३२	जना	८	२.०२	१.९२
१.३.१.१	निजामती कर्मचारीहरुको पोशाक खर्च	२११२१	जना	८	०.८४	०.८
२.५.७.१	कार्यालय परिसर सरसफाईका लागि सेवा खरीद	२२४१३	महिना	१	१.२६	१.२

क्र.सं.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य		
				परिमाण	भार	बजेट
२.५.७.२	हलुका सवारी चालक सेवा करार	२२४१३	महिना	१	३.९	३.७
२.५.७.७	कार्यालय सहयोगी सेवा करार	२२४१३	जना	१	३.५	३.३२
१.६.४.१	कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च	२१२१३	जना	८	०.४१	०.३९
२.८.१.१	अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च (अनुगमन, मुल्याङ्कन र भ्रमण)	२२६११	पटक	५०	४.२२	४
२.९.२.१	कार्यालयमा भएका सवारीसाधनको विमा तथा नवीकरण खर्च	२२२१४	पटक	३	०.६३	०.६
ख) चालु खर्च कार्यक्रमको जम्माः				**२४५२**	**९२**	**८७.३**
कुल जम्मा खर्च				**२४५९**	**१००**	**९४.९**

१.३. कृषि ज्ञान केन्द्र, ताप्लेजुङ्गको वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट आ.व. २०८०/८१

ब.उ.शी.नं. ३१२०१०१७

क्र.सं.	कार्यक्रम/क्रियाकलाप	खर्च शीर्षक	इकाई	बार्षिक लक्ष्य		
				परिमाण	भार	बजेट
चालु खर्च अन्तर्गतका कार्यक्रमहरु						
२.१.१.१	धाराको महसुल	२२१११	पटक	१	०.४५	५०
१.१.१.४	अधिकृतस्तर नवौं	२११११	जना	०	८.१५	९०६
१.१.१.६	अधिकृतस्तर सातौं	२११११	जना	०	७.३२	८१४
१.१.१.७	अधिकृतस्तर छैटौं	२११११	जना	०	६.९७	७७५
१.१.१.८	सहायकस्तर पाँचौं	२११११	जना	०	११.६७	१२९७
१.१.१.२५	ह.स.चा. पाँचौं स्तर	२११११	जना	०	६.६०	७३४
१.१.१.३०	का. स. पाँचौं स्तर	२११११	जना	०	४.६९	५२१
२.१.२.१	बिद्युत महशुल	२२१११	पटक	१	१.०८	१२०
२.१.६.१	टेलिफोन महसुल	२२११२	पटक	१	०.५४	६०
२.१.७.१	ईमेल/ इन्टरनेट/वेवसाइट महसुल	२२११२	पटक	१	१.०८	१२०
२.१.९.१	हुलाक/कुरियर खर्च	२२११२	जना	१	०.१८	२०
